पाणिनी गाउँपालिका

Panini Rural Municipality

गाउँकार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

W744 QGC

9857086520

दुर्गाफाँट, अर्घाखाँची

Durgaphant, Arghakhanchi

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal


प.सं./Letter No.:

च.नं./Ref. No.:

## सिसा, प्लाष्टिक, कवाडी मालवस्तु संकलन र बिक्री कार्य सम्बन्धी दरभाउपत्र आवह्वान सम्बन्धीको सूचना।

दोस्रो पटक प्रकाशित मिति २०८०/०८/१२

### ठेक्का नं. ०१/PRM/Auction/०८०/८१

यस कार्यालयबाट आ.व २०८०/०८१ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (६१) बमोजिम यस पाणिनी गाउँपालिकाबाट सिसा, प्लाष्टिक, कवाडी मालवस्तु संकलन र विक्री कार्य शिर्षकमा आय ठेक्का बन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरूको अधिनमा रहनेगरी ईच्छुक व्यक्ति, फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आवह्वान गरिन्छ।

१. सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ७ दिनसम्म कार्यालय समयभित्र कार्यालयको राजस्व शाखाबाट रु. १००० (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्नेछ।

२. कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

३. सूचनामा प्रकाशित भएको मितिले ८ दिनको दिन १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ। सोही दिनको १ बजे नै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितिमा दरभाउपत्र खोलिने छ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ।

५. कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

६. सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक पोखराथोक शाखामा रहेको धरौटी खाता नं. २१५०४०१००००००९ ग ३.१ धरौटि खाता पाणिनीमा जम्मा गरेको सक्कलै भौचर संलग्न हुनुपर्नेछ।

७. ठेक्का अवधि २०८१ आषाढ मसान्त सम्मको हुनेछ।

८. न्यूनतम अंक देहाय बमोजिम रहेको र उक्त रकममा मुल्य अभिवृद्धि कर समावेस गरिएको छैन।

९. सम्झौताका शर्तहरु उल्लंघन भएमा कार्यालयले बिचैमा पनि ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनुपर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन। सबै रकम सरकारी बाकी सरह असुल उपर गरिनेछ।

१०. ठेक्का सम्झौता गर्दा कबोल रकमको १०० प्रतिशत रकम एकमुष्ठ रूपमा दाखिला गरेपछि मात्र सम्झौता गरिने छ।

११. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ।

१२. ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण दरभाउपत्रसाथ उपलब्ध गराइनेछ। अन्य जानकारीको लागि कार्यालय समयभित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१४. यस सम्बन्धमा थप विषयहरू बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाको मोबाइल नं. ९८५७०८६५२८ वा ito.paninimun@gmail.com मा सम्पर्क गर्न सकिनेछ।

तपसिलः

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दस्तुर रु. | कबोल अंकको ५ % धरौटी वापत | न्यूनतम रकम (रु.) | विडवण्ड मान्य अवधि | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| ०१/PRM/ Auction/ ०८०/८१ | गाँउपालिका क्षेत्र भित्रका कवाडीजन्य वस्तुहरु संकलन र बिक्री कार्य | १०००.०० पाणिनी गा.पा. आन्तरिक राजस्व खाता जम्मा भौचर | | १००००० | ७५ दिन | २०८०/०८/१८ दिनको ५ बजेसम्म | २०८०/०८/१९ दिनको १२ बजेसम्म | २०८०/०८/१९ दिनको ०१ बजे |

.................

रोमनाथ न्यौपाने

प्रमुख प्रशासकिय अधिकृत